नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्याः-
च.नं.

## प्रेस विज्ञप्ति

कोभिड-१९ को नयाँ भेरियन्टको संक्रमणको रोकथाम एवं नियन्त्रणका लागि नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७८/१/१९ को निर्णय अनुसार मिति २०७८/२/१७ सम्म अन्तराष्ट्रिय तथा राष्ट्रिय उडानहरु स्थगित गरिएको छ । Air Bubble Agreement अन्तर्गत रही स्वास्थ्य मापदण्ड पालना हुने गरी काठमाडौं बाट नयाँ दिल्ली सम्म हप्तामा २ वटा उडानहरु सञ्चालनमा रहेका छन् ।

यसै क्रममा विभिन्न देशबाट पर्वतारोहण, पर्यटन, कुटनीतिक प्रयोजनका लागि नेपालमा आएर रोकिएका यात्रुहरुलाई गन्तव्य स्थानमा बहिर्गमन गर्नका लागि भारत, युरोपियन युनियन, अमेरिका, रुस लगायतका नेपाल स्थित राजदुताबासबाट अनुरोध गरिए अनुसार प्रस्थानका लागि उडान अनुमति प्रदान भएको छ । यसै क्रममा विभिन्न उडानसँग सम्बन्धित टिकेटिङ्गमा अनियमितता भएको भनि केहि सञ्चार माध्यममा प्रकाशित भ्रमपूर्ण र तथ्यहिन समाचार प्रति यस मन्त्रालयको ध्यानाकर्षण भएको छ ।

महामारी नियन्त्रण गर्नका लागि अन्तराष्ट्रिय उडान स्थगन भएको अवस्थामा विदेशी नागरिकहरुलाई आफ्नो मुलुक वा गन्तव्य स्थानमा प्रस्थान गर्ने कार्यमा सम्बन्धित दुतावासबाट अनुरोध भए बमोजिम मन्त्रालयबाट सहजिकरण मात्र भएको हुँदा यथार्थ र तथ्यलाई ढाकछोप गरी प्रसारण भएका कपोकल्पित तथा भ्रामक समाचारहरुको यस मन्त्रालय खण्डन गर्दछ । यदि एयरलाइन्सको टिकेटिङ्गमा अनियमितता भएको जानकारी भए मन्त्रालयको ईमेल ठेगाना info@tourism.gov.np वा नेपाल नागरिक उड्डयन प्राधिकरणको ईमेल ठेगाना dgca@caanepal.gov.np मा प्रमाण सहित पठाएमा त्यस्तो व्यक्ति वा संस्थालाई नियमानुसार कारबाहीको प्रकृया अगाडी बढाईने हुँदा महामारीको समयमा जनता र अन्तरांष्ट्रिय जगतलाई भ्रम पार्ने कोसिस कोही कतैबाट नहुन र सत्य तथ्य बुझी यथार्थ समाचार मात्र सम्प्रेषण हुन मन्त्रालय हार्दिक अनुरोध गर्दछ ।

मिति २०७८/०२/०५

२०७८/२/५

(तारानाथ अधिकारी)
सहसचिव एवं प्रवक्ता